# राष्ट्रिय निर्देशन–
# किन र कसरी ?

श्री विश्वबन्धु थापा
राष्ट्रिय निर्देशनमन्त्री

# राष्ट्रिय निर्देशन–
# किन र कसरी ?

श्री विश्ववन्धु थापा,
राष्ट्रिय निर्देशनमन्त्री

श्री ५ को सरकार
राष्ट्रिय निर्देशन मन्त्रालय
प्रचार तथा प्रसार विभाग

# राष्ट्रिय निर्देशन किन र कसरी ?

राष्ट्रिय निर्देशन मन्त्रालयको स्थापनाले राष्ट्रिय र अन्तर्राष्ट्रिय ध्यान यस नामतिर आकर्षित भएको छ । बेला-बेलामा भेटिने मेरा मित्रहरू, पत्रकारबन्धु र अलमलिएका साथीहरूको विचार सानोतिनो गोष्ठी तथा आम–सभामा समेत यस सम्बन्धमा मैले केही न केही बोल्नुपरेको छ । जहाँसंम राष्ट्रिय निर्देशनको शाब्दिक अर्थ छ, यसको विश्लेषण गर्ने आवश्यकता परोइन र प्रजातान्त्रिक अवस्था नै यसको अन्तिम लक्ष्य भएकोले आपनो उद्देश्यको खोजीमा पनि यसले अलमलिने आवश्यकता छैन । प्रजातान्त्रिक व्यवस्थामा नै जनताको सर्वतो-मुखी विकास हुन्छ भन्ने विश्वास संगाल्ने श्री ५ महेन्द्रको पूर्ण रेखदेखमा मैले राष्ट्रिय निर्देशन मन्त्रालयको कार्यभार सह्माल्नु परेकोले यस सम्बन्धमा कतैबाट बाधा पर्ने सम्भावना पनि देखिंदैन । यसकारण राष्ट्रिय निर्देशन मन्त्रालयको आवश्यकता किन परचो र आफ्नो काम यसले कसरी गर्नेभएको छ, यसतर्फ ध्यान आकर्षित गर्न चाहन्छु ।

नेपालको राजनीतिले धेरै ठूलो अंशमा दरबारीया पर्खाल नाघेको २००७ सालमा नै हो । नेपाली जनताले यसभन्दा पहिले यति बढी चाख कहिले राजनीतिमा देखाएको थिएन । राणा-शाहीमा जुन रूपले नेपालको आर्थिक विकास अवरुद्ध भएको

थियो त्यसको लागि २००७ सालको भेल आवश्यक थियो । राजनीतिमा जनताको अभिरुचिलाई प्रजातान्त्रिक व्यवस्था भनी संज्ञा दिइएको छ । यसरी २००७ सालको क्रान्तिले राजनीतिलाई पर्खाल बाहिर ल्याए पनि राज्यसञ्चालनबाट अनभिज्ञ जनता केही औंलामा गनिने राजनीतिका खेलाडीका हातमा मात्र परे । यी खेलाडीहरूलाई २००७ सालपछिका भाइ–भारदारको रूपमा लिन सकिन्छ । यसरी भाइ–भारदार राजनीतिलाई २००७ सालले पूर्णतया खतम पार्न सकेन र प्रजातान्त्रिक व्यवस्थाबाट नै जनताको विश्वास उठ्न थाल्यो । भाइ–भारदारे राजनीति पर्खाल बाहिर नै भए पनि यसमा जनताको भावनाको अभिव्यक्ति हुन सक्तैन । यही कारण हो कि नेपालमा आजसम्म प्रजातान्त्रिक वातावरण देखा नै परेको छैन । नेपालको इतिहासको सिंहावलोकन गर्ने हो भने नेपाली जनता साधारण स्थितिमा राजनीतिबाट अलग रहेको हामी पाउंदछौं । पृथ्वीनारायण शाहको नेपाल एकीकरण विभिन्न सामन्तीहरूको हारको इतिहास हो । कुनै पनि बाइसे–चौबीसेमा आम जनताले राज्यसञ्चालनमा अधिकार पाएको देखिन्न । नेपालको एकीकरणे भएपछि विजयी राजा र उनका भाइ-भारदारले नेपालको राजकाज चलाउन थाले । "म मर्‍या राज्य मर्दैन, भीमसेन मर्‍या राज्य मर्दछ" भन्ने रणबहादुर शाह मरेका केही दिनपछि नै भीमसेन थापाले ठूलो षडयन्त्रको शिकार भाई नेपालको राजनीतिबाट अस्ताउन पर्‍यो । उनकी पत्नीको बेइज्जती हुने कुरामा, भीमसेन थापाले सेरिएर मर्नु

पर्दा तैपनि तेत्तीस वर्षसम्म मुखत्यारी गरी राज्यसञ्चालन गर्ने भीमसेन थापालाई नेपाली जनताले संझिने आवश्यकता देखेन किनकि भीमसेन थापाको राज्यकालमा आम जनता सोधिंदैनथे र जुन भाइ–भारदारको भर र विश्वासमा नेपालका ठूला प्रशासक, रणकौशल र बहादुर भीमसेन थापा राज्य गर्दथे ती भाइ–भारदारलाई भीमसेन थापाको पतन र उत्थानभन्दा आफ्नै पतन र उत्थानको बढी चाख थियो। यसपछि पाँडेहरूको उत्थान र पतन भयो र राज्यसञ्चालन राम्ररी चल्न नसकेकोले भाइ–भारदारको षडयन्त्रले गर्दा विदेशिएका मातवर सिंह थापालाई ठूलो स्वागत र शर्तसाथ मुखत्यारी दिइयो । यो स्वागत र शर्तमा जनताको हात थिएन । यसकारण जब केही वर्षपछि उनी आफ्नो मामाको हातबाट मारिए जनता उदासीन नै रहे । म्युजियममा मातवर सिंहले पहिरने पोशाक देखेर, उनीले प्रयोगमा ल्याएका हथियारलाई देखेर हामी यस बहादुरको सम्झनामा थकथकी माने पनि भाइ–भारदारले "बल्ने आगो" नै तापे र जङ्गबहादुर कंवर राजनीतिमा उदाए । जङ्गबहादुरको राज्यकालको प्रारूपको कोतपर्व र बिस्तारै बिस्तारैको सत्ता हस्तान्तरणले श्री ५ को ताकत कम पार्‍यो र पुराना भाइ-भारदार नेपालको राजनीतिबाट बिलाए । तर जङ्गबहादुरले प्राप्त गरेको राजशक्ति उनका भाइ र नयाँ भारदार समेतको कमाइ भएकोले पुरानाको ठाउं नयाँले लिएर काम गर्ने तरीकामा फरक परेन । यस दोस्रो भाइ–भारदार व्यवस्थामा पनि जनता उपेक्षित नै रह्यो र राणाकालमा भएको अनेक श्री ३ को परिवर्तन

र भाइ–भाइको षडयन्त्रमा जनताले चाख देखाएन । देवशमशेर धपिए, युद्धशम्शेर योगी भए र पद्मशमशेरले आँसु चुहाए, तर जनता तटस्थ नै रह्यो । मोहनशमशेरले आफूभन्दा पहिलेका श्री ३ को अनुशरण गरेको भए पनि जनता चुकचुकाउने थिएन । यही बेला केही पढेलेखेका नेपालीले आफूलाई प्रशासन यन्त्रबाट अलग पाए । नेपाली जनताका बीच यी डिग्री प्राप्त नयाँ भारदार थिए । अनेक ज्ञान प्राप्त गरेर पनि पुराना भारदार मुनि बस्नुपर्छ भने बरू मर्नु निको भन्ने भावनाले ठाउं लिन थाल्यो । पुराना र नयाँको संघर्षमा पुरानोमा घून लागिसकेथ्यो, नयाँ अनेक राजनीतिक र आर्थिक सिद्धान्तको हतियारले सुसज्जित थियो । यतिमात्र होइन नयाँले आफ्नो सिद्धान्तका आदर्शलाई प्रयोग गरी जनताको केही भागको सहानुभूति प्राप्त गर्नसक्यो । प्रजातन्त्रमा तिम्रो शासन हुन्छ, तिम्रो लागि र तिमीबाट भन्ने नाराले जनतालाई आकर्षित पार्‍यो । जनता जुरमुरायो, पुरानो भाइ–भारदारले पल्टा खाए । खुशीयाली जुलूस निस्क्यो, नेताहरूको स्वागत भयो, माला र सिंदूरको यात्रामा नयाँ भारदारले आफूलाई उच्च स्थानमा पाए । पुरानो भारदारको हथियारमा भर थियो, नयाँ भारदारसंग राजनीतिक सिद्धान्त पनि थियो । यस परिवर्तनमा इमान्दारी भएको भए निश्चय नै नेपाल र नेपाली अगाडि बढ्दै जान्थ्यो । क्रान्तिपछिको शासन दरो हुनुको सट्टा सबभन्दा फितलो भयो । श्री ३ को ताकत खतम भएको थियो, श्री ५ ले आफूलाई जनताको स्वार्थसंग मुछिदिएको थियो तर जनताको लागि जनताको सरकार

जनताबाटआउन सकेन। सरकार परिवर्तन नयाँ भाइ–भारदारको झगडाबाट हुन थाल्यो । एउटाले आर्कोलाई गाली गर्छ, सबैसंग राजनीतिक सिद्धान्त भएकोले एकसे एक सिद्धान्त अगाडि सारिन्छन्, पार्टी खोलिन्छ, विरोध र समर्थनमा नारा र जुलूस निस्किन्छ, सत्याग्रह हुन्छ, सम्मेलन हुन्छ तर यी सबको उद्देश्य एउटै हुन्छ–सत्ताप्राप्ति । मन्त्री नभई केही गर्न सकिंदैन भन्ने सिद्धान्त मान्न सकिन्थ्यो यदि मन्त्री भएपछि केही गरिदिने भए । जनता हैरान थियो, बुझ्न सकिरहेको थिएन उसको नाम माथि सब के–के भइरहेछन् । यही कारण हो सात, नौ र तीन महीने परिवर्तनमा उसले चाख लिएन । क्रान्तिअघि र पछिको उसको आर्थिक व्यवस्थामा फरक परेको थिएन। नाराले उसको घांटी बसी सकेथ्यो, रोज जुलूसमा हिंड्दा उसले आफ्नो इलम बिर्सियो, देखासिकीमा छोराछोरीले किताब फ्याँके, मन्त्री हुनलाई पढ्नु पर्दैन, जनप्रियता चाहिन्छ भन्ने भावनामा युवकको जाँगर संगठनतिर लाग्यो, किसानले हलो फ्याँके, मजदूर काम ठग्न लागे, नेपाली नारीले पुरुषलाई गाली गरेर आफ्नो स्वतन्त्रता देखाउन थाले । प्रेम र सद्भावनाको ठाउँ घृणा र द्वेषले लियो । सबै मिली नेपाल बनाउनु पर्छ भन्ने भाइ फोडी राज्य गर्ने विचारमा लागे ।

यसै अवस्थामा चुनाव आयो । छिमेकी कहाँ भएको चुनाव र अरू प्रचारको भरमा ज्ञान प्राप्त गरेका बहादूर नेपालीले शान्त वातावरणमा आफूलाई दिएको जिम्मेदारी पूर्ण गर्‍यो । २००७ सालमा क्रान्ति गर्ने कांग्रेसीलाई चुने भलो

हुन्छ कि भन्ने विश्वासमा जनताले आफ्नो मत प्रदान गर्‍यो । अप्रत्याशित बहुमत प्राप्त गरेर सरकार बन्यो । एक-सेएक मै हूँ भन्ने नेता छक्क परे कसैले जनताको अज्ञानतामा चित्त दुखायो र कसैले अरूलाई गाली गरेर सन्तोषको साँस फेर्‍यो। नेपाली जनताले आफ्नो मत नव-निर्माणको लागि, केही हुन्छकि भनेर खसालेथ्यो। भाइ-भारदारको झगडाले वाक्क भएको नेपाली मतदान गरेपछि पुस्तक,हलो,औजार र सिद्धान्त समाल्न चाहन्थ्यो । अलमलिने उसलाई समय थिएन । तर निर्वाचन पछिको सरकार केही आफ्नो कमजोरी र केही वरिपरिको राजनीतिले गर्दा अगाडि बढ्न सकेन । भाइ भारदारले सरकारको गठनमा प्रभाव पार्न थाले । मन्त्री पदमा स्थायित्व प्राप्त गर्न विभिन्न व्यक्तिद्वारा मतवाली संघ, मधेसिया संगठन, नेवार लीग, प. १ नं. काण्ड, दाँग काण्ड र बझांग काण्डको सृजना हुन थाल्यो । बाटो, पुल, कल, कारखाना, वन र नियुक्ति चारैतिर आयस्ता हुने बाटो खोज्न थालियो । जागीरमा योग्यताभन्दा आफन्तको कदर हुने पुरानो बानी टुटेन । यस्तै अवस्था रहेको भए विजयी र पराजित यी नयाँ भाइ–भारदारले नेपालमा पनि भाषा काण्ड, जिल्ला काण्ड र अरू पनि अनेक काण्ड निश्चय अपनाउने थिए । कहिले वनस्पति घिउ, कहिले गण्डक र कहिले बिर्ता टैक्सको कुरालाई लिएर विरोधी भाइ–भारदारहरू जुलूसमा नेतृत्व गर्न पुग्दथे त शासनमा भएका भाइ–भारदार नेपाली कांग्रेसको समाजवादलाई बिर्सेर मन्त्रीपदमा स्थायित्व प्राप्त गर्न, जागीर प्राप्त गर्न, कोटा प्राप्त गर्न व्यस्त देखिन्थे । संसद् शासकलाई बोझा झैं

भएको थियो । जनताको आवाजलाई सही रूपमा स्वीकार नगरी बाधाको रूपमा लिइन्थ्यो । आफ्नो आर्थिक दुरावस्था र राजनीतिक नाराले जनता अन्योलमा पर्नलागेको थियो । के गर्ने के नगर्ने यसको टुङ्गो लागेको थिएन–एउटाले आर्कोलाई गाली गरी आफू उक्लिने कोशिश गर्दथ्यो । तं र म को यस झगडाले गृहयुद्ध ल्याउन सक्थ्यो र सम्भव छ पश्चिम १ नं, गोरखा काण्ड र बझाङ्ग काण्ड यसैको भूमिकाको रूपमा थियो । सोझा साझा लिम्बूलाई भड्काउन पाए, तिब्बती शरणार्थीलाई बदनाम गराउन पाए, तराईमा भाइ–भाइको घांटी सेराउन पाए आफ्नो दुनो सोझिने थियो भन्ने आशामा नेपालमा गोलमाल मचाउनेहरू थिए । यस अवस्थामा नेपाल एउटा यस्तो दरिलो नेतृत्व चाहन्थ्यो, जो इमान्दारीलाई जनताको आकांक्षाको पूर्ति गर्न सकोस् । नवनिर्माणको पथमा बढ्न चाहने नेपालीको पथप्रदर्शन गरी नेपालमा औद्योगिक क्रान्ति गर्न सकोस् । तं र म को झगडामा नपरी वास्तविक प्रजातन्त्रको सुदृढ जग बसाल्न सकोस् र विभिन्न वर्गको बौद्धिक र शारीरिक विकास गरी उनीहरूलाई योग्य नागरिक बनाई प्रजातान्त्रिक व्यवस्थामा सहयोग गर्नसक्ने बनाओस् । प्रत्येक नागरिकले थाहा पाउन कर्तव्य र अधिकारसंगै रहन्छ र नेपालको अस्तित्वमा नै नेपालीले प्रजातन्त्र पाउन सक्तछ । नेपाल र नेपालीको अस्तित्वको लागि परिवर्तन अवश्यम्भावी भएको थियो र यो खुशीको कुरा छ कि यस उत्तरदायित्वलाई श्री ५ महेन्द्रले निर्भिकतापूर्वक सम्हालिबक्सियो । पृथ्वीनारायण

शाहले आर्जेको र त्रिभुवनले सुम्पेको जनताको यो थाति जनताको हातमा हाल्न श्री ५ ले उनीलाई यसको योग्य बनाउनु छ। पुराना र नयाँ भाइ–भारदारको झमेलामा जनता झुक्किन सक्दैन, भाइ-भारदार शासनबाट जनताले मुक्ति पाउनु पर्दछ। राजनीतिक दाउ–पेचमा समाजका विभिन्न आधारलाई खलबलाउन सकिंदैन। राजनीतिक स्थायित्व देशले बलियो आर्थिक व्यवस्थामा नै प्राप्त गर्नसक्छ। नेपालीले लाहुरे भएर आफ्नो भरण पोषण गर्छ, हाम्रो व्यापार विदेशीको हातमा छ, हाम्रो किसानले जोत्ने हलो पुर्खालाई सम्झाउंछ र पूर्ण समाज एक दोस्रोको शोषणमा नै जीवित छ। यसको बदलामा विद्यार्थीको हातमा पुस्तक राख्नुछ र उसलाई विश्वास दिलाउनु छ शिक्षाप्राप्त गरेमा मात्र उसको सुन्दर भविष्य सुरक्षित छ। मन्त्री भएमात्र होइन कि किसान, मजदूर, डाक्टर, इञ्जीनियर, मास्टर र कुनै तहमा बसेर पनि राष्ट्रको बरोबर सेवा गर्न सकिन्छ भन्ने भावनालाई व्यवहारमा परिणत गर्नुछ। राजनीतिको जुन मुहान १०६ सालमा फुटेको थियो यसलाई केही कालको लागि बन्द गरेर पनि समाजका विभिन्न वर्गीय संगठनमा आशा र विश्वासको अंकुर जन्माउनु छ। मन्त्रीभन्दा देशको नवनिर्माण-मा लागेको युवक, किसान, मजदूर र विभिन्न पेशामा उच्चतम ज्ञान प्राप्त गरेका नेपाली साना होइनन् भन्ने विश्वास दिलाउनु छ। यसरी आफ्नो, आफ्नो ठाउंमा इज्जतसाथ हुर्केका नेपालीले आजसम्म पुर्खाले नपाएका अधिकार प्राप्त गर्नेछन्, भाइ-भारदारको राजनीति खतम भएर जागरूक र सचेत नेपालीको

राजनीति शुरू हुनेछ । यिनै जिम्मेदारीलाई पूरा गर्न श्री ५ ले राष्ट्रिय निर्देशन मन्त्रालयको आवश्यकता महसूस गरिबक्सियो । नेपाली हुं भन्ने घमण्ड होस् र सही प्रजातन्त्रको स्थापनाको लागि आफूलाई योग्य नागरिक बनाउन सकोस् भन्ने श्री ५ को सदिच्छा छ । राष्ट्रिय निर्देशनको स्थापना गर्दा "प्रजातन्त्रमा सकेसम्म चाँडो फर्किनु पर्छ भन्ने कुरा नबिर्स भनी म तिमीलाई राष्ट्रिय निर्देशन मन्त्रालयमा काम गर्न पूर्ण संसद् सचिवालय दिंदैछु" भन्ने मौसूफको वाक्य मेरो लागि प्रजातन्त्रको स्थापनाको लागि छिटो तर सुचारुरूपले अगाडि बढ्ने प्रेरणाको रूपमा छन् । राष्ट्रिय निर्देशन मन्त्रालय संसद् सचिवालयमा काम गर्दछ, संसद्को सबै सम्पत्तिको अधिकारी यही भएको छ । भूतपूर्व महासभासद् र संसद्सदस्य जसको रूपमा अथवा अरू कुनै कागजपत्र सरकारबाट प्राप्त गर्नुछ, उनले राष्ट्रिय निर्देशन मन्त्रालयसंग संपर्क राख्नेछन् । यसरी प्रजातान्त्रिक व्यवस्थामा फर्किने उच्च आदर्शलाई ध्यानमा राखी राष्ट्रिय निर्देशन मन्त्रालयले मौसूफको रेखदेखमा आफ्नो कार्य सञ्चालन गर्नेछ ।

कसरी यो काम गरिनेछ भन्ने विषयमा पस्नुभन्दा पूर्व यस कुरालाई स्वीकार गर्नु बढिया होला कि व्यवहारमा जुन कुरा गर्दा बढीसे बढी नेपालीमा कर्तव्य र अधिकारको बोध गराउन सकिनेछ, त्यसलाई राष्ट्रिय निर्देशन मन्त्रालयले निःसंकोच स्वीकार गर्नेछ । नेपालीहरू विभिन्न वर्गमा संगठित

होऊन् भन्नाखातिर सरकारले नेपाल बाल संगठन, नेपाल विद्यार्थी संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन, नेपाल किसान संगठन र नेपाल मजदूर संगठनको नामले अखिल नेपाल संगठनको स्थापना गर्नेछ । यसबाहेक सांस्कृतिक संघ, ब्यापार संघ, लेखक संघ, डाक्टर, इञ्जीनियर, मास्टरहरूको आफ्नो संघ–संस्था तथा अरू अनेक पेशावाल संगठनलाई प्रोत्साहन दिइनेछ । यी सबै संगठनले आफूलाई राजनीतिबाट अलग राख्नु परे तापनि आफ्नो-आफ्नो वर्गीय संगठनको उच्च आदर्श प्राप्तिको लागि नेपालीमा हुनुपर्ने जागरूकता र प्रजातान्त्रिक आदर्शलाई कायम राख्नेछन् । तलदेखि माथिसम्मको संगठनको ढांचा चुनावमा आधारित हुनेछ । बहस र बहुमतबाट आएको सुझावलाई सरकारले सहयोग भनी ठान्नेछ । बालकको संगठन भविष्यमा योग्य नागरिक बनाउन गरिएको हो । आजका विद्यार्थीको हातमा निकट भविष्यको नै जिम्मेदारी आउनेछ भनी सरकार स्वीकार गर्दछ । यसै योग्य बनाउन उनीहरूलाई एउटा सही बाटोबाट लग्न सरकार प्रयत्नशील छ । युवक, महिला, किसान र मजदूरले चाँडै नै आफूलाई यस योग्य बनाउनु छ कि उनीहरू प्रजातान्त्रिक व्यवस्थामा फर्किन सकून् । देशको नवनिर्माणमा यिनीहरूको सहयोग अपेक्षित छ । आफ्नो आफ्नो संगठनमा संगठित यी विभिन्न संगठनले देशको पर्यटन गर्ने, सम्मेलन गर्ने, पत्रपत्रिका प्रकाशित गर्ने, सरकारले गर्नलागेका काममा पहिले नै सुझाव दिन, विदेशमा जाने सरकारी अथवा गैरसरकारी प्रतिनिधिमण्डलमा संमिलित

हुन पूरा मौका पाउनेछन् । संगठन तलदेखि माथिसम्म पूर्ण स्वतन्त्र हुनेछ र उनीहरूको गतिविधिमा, जबसम्म आफ्नो वर्गीय संगठनभित्र रहनेछ, सरकारले हस्तक्षेप गर्ने छैनन् । यी वर्गीय संगठनले यद्यपि चन्दा मै निर्भर गर्नुपर्नेछ, तर आर्थिक कमजोरीले संगठन पैसावालाको हातमा नपरोस् र गरीबका छोरा पनि उभो लाग्न सकून् भन्नाखातिर सरकारले आर्थिक सहयोग गर्नेछ । वर्गीय संगठनमा नेतृत्वको झगडाले आफिसको काममा बाधा नपरोस् भन्नाखातिर सरकारले विभिन्न वर्गीय संगठनको अफिसमा काम गर्ने मानिसको सकेसम्म स्थायी नियुक्ति गर्नेछ । पैसाको गडबडीले संगठनमा झगडा नहोस् र योग्य सेक्रेटरीको हातमा संगठन सञ्चालनको काम रहोस् भन्नाखातिर सरकारले कार्य समितिमा रहने एक-एक कोषाध्यक्ष र सेक्रेटरीको नियुक्ति उनै उनै संगठनका निर्वाचित सदस्यहरूबाट गर्नेछ । यस बाहेक यी वर्गीय संगठनका कुनै ठाउंमा पनि सरकारी सदस्य मनोनीत गर्ने सरकारको विचार छैन । वस्तुतः सेक्रेटरी र कोषाध्यक्ष मनोनीत गर्ने उद्देश्य तथा आफिसमा केही सहायता दिने विचार सुचारुरूपले वर्गीय संगठनहरूले काम गर्न सकून् भनेर नै हो । कार्यसमिति निर्वाचित सदस्यको एक समितिले चुन्नेछ । सभापतिको निर्वाचनमा साधारण सदस्यहरूलाई अधिकार प्रदान गर्न सकिनेछ । वार्षिक अधिवेशन र आय–व्ययको हिसाब किताब देखाउनुपर्ने सिद्धान्तलाई मानिनेछ । वर्गीय संगठनले जागरूकतासाथ आफ्नो आफ्नो वर्गलाई योग्य नागरिक बनाउन हरतरहले काम गर्नेछन् । वर्गीय

संगठनहरू राजनीतिक नेताहरूको खुड्किलोको रूपमा नहो-ओस् भन्नाखातिर पछि राजनीतिक पार्टीको प्रतिबन्ध हटे पनि वर्गीय संगठनमा राजनीतिक पार्टीका सदस्यलाई निर्वाचित ठाउंमा जान दिइने छैन । यसरी राजनीतिक मुहान खुल्दा पनि, अरू मुहानमा बाधा पर्न नदिई सुदृढ प्रजातान्त्रिक व्यवस्था कायम गरिनेछ । राष्ट्रिय निर्देशन शुद्ध प्रजातान्त्रिक व्यवस्थामा मात्र जनताको भावना प्रस्फुटित हुन्छ भन्ने सिद्धान्तलाई स्वीकार गर्दछ ।

★

गोरखापत्र छापाखानामा मुद्रित ।

पहिलो पटक, १०००० प्रति
फागुन, २०१८